# NEPALI

*(Second Language)*

***Maximum Marks : 80***

***Time Allowed : Three Hours***

***Answers to this Paper must be written on the paper provided separately.***

*You will **not** be allowed to write during the first **15** minutes.*

*This time is to be spent in reading the question paper.*

***The time given at the head of this Paper is the time allowed for writing the answers.***

*This paper comprises of two Sections : **Section A** and **Section B.***

*Attempt **all** the questions from **Section A.***

*Attempt **four** questions from **Section B**, answering at least **one** question each from **two** books you have studied and **any two** other questions from the same books you have compulsorily chosen.*

*The intended marks for questions or parts of questions are given in brackets [ ].*

## SECTION—A (40 Marks)

*Attempt **all** questions from this Section.*

**Question 1**

Write a short composition in **Nepali** of approximately **250** words on any **one** of the following topics :— [15]

निम्नलिखित विषयहरूमा कुनै **एक** विषय छानेर **नेपालीमा** लगभग **250** शब्दहरूको लम्बाइमा एउटा रचना तयार पार :—

(i) आफ्नो परिवारसित भ्रमण गरेको समय प्राप्त गरेको आनन्द र भ्रमणबाट प्राप्त शिक्षाबारे पनि वर्णन गर्दै, मानिसको जीवनमा भ्रमण गर्नु किन आवश्यक छ ? आफ्नो अनुभवको आधारमा व्यक्त गर।

(ii) सामाजिक स जाल (social network/media) एक विशाल नेटवर्क हो, जसले सम्पूर्ण विश्वलाई एकार्कासँग जोडेर राखेको छ। यसको सकरात्मक र नकरात्मक दुवै पक्षबारे चर्चा गर्दै एउटा सुन्दर रचना तयार गर।

(iii) "स्वस्थ शरीर नै मानिसको वास्तविक धन हो।"- भन्ने भनाइलाई प्रस्ट गराउन खानपान, दैनिक दिनचर्या, शारीरिक व्यायाम साथै अरू पनि कुन कुन कुरोमा ध्यान दिएर शरीर स्वस्थ राख्न सकिन्छ। उदाहरण सहित आफ्नो विचार व्यक्त गर।

(iv) समय बितेपछि केही गर्न नसकिँदोरहेछ। मैले पनि त्यसरी नै समय नष्ट गरेँ र अहिले......... । यो लहरबाट शुरू गरेर एउटा छोटो मौलिक कथा लेख।



Downloaded From www.icseboard.org

(v) तलका चित्र हेरेर तिम्रो मनमा के कस्ता भावना उत्पन्न हुन्छ लेख।



**Question 2**

Write a letter in **Nepali** in approximately **120** words on any **one** of the topics given below :— [7]

निम्नलिखित कुनै **एक** विषयमाथि **नेपालीमा** लगभग **120** शब्दहरूको लम्बाइमा पत्र लेख :—

(i) पाठशालाका आफ्ना सबै पुराना सहपाठी साथीहरूसित मिलेर पहाड़ी क्षेत्रमा घुम्न जाने भनेर साथीहरूले बनाएको योजनाबारे आफ्नो आत्मीय मित्रलाई पनि जनाउँदै, उसलाई पनि सम्मिलित हुने आग्रह गरेर एउटा पत्र लेख।

**अथवा**

(ii) घरकी प्रमुख सदस्याको आकस्मिक निधनको कारणले तिमी तीन चार दिनसम्म आफ्नो कक्षामा हाजिर हुन नसक्ने कुरा जनाएर पाठशालाका प्राचार्यलाई बिन्ती पत्र लेख।

Downloaded From www.icseboard.org

**Question 3**

Read the passage given below and answer in **Nepali** the questions that follow, using your own words as far as possible :—

निम्नलिखित अवतरण पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

दिन आइतबार बिरामी ठूले बिहानै ओछ्यानबाट उठेर चिया पनि नपिई धागो काट्नु लाग्यो। यो देखी तिनकी आमाले सोधिन्–"एकाबिहानै उठेर केको लागि मेहनत गरी बाट्दैछस् है ?"

ठूलेले भन्यो–"हामी एकै श्रेणीमा पढ्ने तेह्रजना साथीहरु आज आइतबार खोलामा गएर बनभात खाने मतो मिलाएका छौं र माछा मार्नु बल्छीको डोरी बाट्दैछु आमा। बिहान सात बजी घरबाट हिंड्नुपर्छ भन्ने कुरो थियो। म विरामीले गर्दा तीन दिन स्कूल जान सकिनँ। मलाई पर्खिरहेका होलान्, सात त बज्यो।"

आमाले भनिन् "अप्पी तँ स्वाँग नपार् है, ठूले। खोला जानु पर्दैन। अलिक विसेक हुँदैछस्, चिसो पानीमा खेलेर बेथा बल्झाउने तेरो बिचार ! नजा, साथीहरुलाई सम्झा। अर्ध वार्षिक परीक्षामा पनि फेल भइस्। थाह छ ? श्रेणी शिक्षकले तेरो रिजल्टमा के लेख्नु भएको छ ? वार्षिक परीक्षाको निम्ति बहुत ध्यान दिएर पढ्नु पर्छ। मुख्य मुख्य विषयमा राम्रो संख्या ल्याएको छैन। लेखिएको पढिस् होइन।"

फेल भइस् भने त वर्षभरिको खर्च बर्बाद। मैले भनेको सुन्, खोलातिर नजा। हिजे कान्छा धामीले जोखाना हेरेर के भने–"खोलाको दोख लागेको छ ठूलेलाई।" सात जोड़ा माछा चाहिन्छ रे। मैले तेरो कान्छा बागालाई माछाको निम्ति खबर पठाएकी छु। मंगलबार यताउति गर्न धामीलाई पनि बोलाएकी छु। ठूलेले आमाको कुरा नसुने झैं गर्दै थाल, मग र एकपावा जति चामल झोलामा हाल्यो।

ठूलेले तयार हुँदै भन्यो–"ए बागाको त आशा नगरे पनि हुन्छ। उसको जाल त च्यातिसकेको छ। सात जोड़ा माछा ल्याउनु के छ र, म आफै ल्याउँछु। अहिले बल्छीमा खूब माछा पर्छ। मलाई ढिलो भयो, साथीहरुले पर्खिरहेका होलान्।" म गएँ है आमा भन्दै ठूले घरदेखि निस्क्यो। त्यसको प्यारो कुकुर टमी पनि ठूलेकै पछि पछि लाग्यो।

साँच्चै साथीहरूले पर्खिरहेका रहेछन्। भारीतारी मिलाउँदा ठूलेलाई तेह्रवटा मग र एउटा डेक्चीको ढकनी बोक्नु पऱ्यो। ठूले बाटोमा गीत गाउँदै नाँच्दै उफ्रँदै हिंडिरहेको छ। उसले जम्मै मगहरु डोरी लगाएर कम्मरमा बाँधेको थियो अनि ढकनी हातमा लिएर डम्फू बजाए झैं बजाउँदै नाँच्दै अघि अघि हिंडिरहेको थियो। साथीहरु पनि थपड़ी मार्दै गीत गाउँदै थियो–"लेखला भावी मेटला को, आफ्नै आफ्नै लहना हो, बुझ है जीवन यस्तै हो ......।"

Downloaded From www.icseboard.org

यही पारमा ठूले नाच्दा उसको कम्मरका मगहरू जुझेर खोर्ल्याङ खोर्ल्याङ आवाज भइरहेको थियो। निकै तल जंगलको ओह्रालो बाटो खोला पुग्ने बेलामा पनि ठूले उफ्रँदै गाउँदै मगहरु खोर्ल्याङ खोर्ल्याङ बजाउँदै हिंड्दै थियो। खुट्टा चिप्लिएर खोर्ल्याङ खोलर्याङ हुँदै वनतरुलको खाड़लमा ठूलेको टाउको गाड़िन पुग्यो। आवाज आयो "आमा, म रे नी" ठूले अझ चिच्याएर रोयो "आ...यू, म...रे...नी !" साथीहरूले हतार हतार ठूलेलाई खाड़लदेखि निकाले। एउटा साथीले भन्यो–"ला... ठूलेको एउटा कान छैन। च्वाटै काटिएछ।" सुनेर ठूले कहालिँदै रुन थाल्यो।

(i) ठूलेले केको निम्ति धागो काटेको हो ? [2]

(ii) ठूले केको निम्ति कोसित कहाँ जान तयार भइरहेको थियो ? [2]

(iii) आमाले ठूलेलाई किन रोकेकी हुन् ? [2]

(iv) ठूलेले कतिवटा मगहरुलाई कसरी बोक्यो ? [2]

(v) प्रस्तुत अवतरणबाट के शिक्षा पाइन्छ ? [2]

**Question 4**

Answer the following according to the instructions given :— [8]

तल दिइएका निर्देशन अनुसार प्रश्नहरूका उत्तर लेख :—

(i) एउटा हात नभएको :

(a) कानो

(b) डुँड़ो

(c) लगंड़ो

(d) अन्धो

(ii) वाग्धाराको सठीक अर्थ चुनेर लेख :

आँखाको तारा हुनु —

(a) नजिक हुनु

(b) प्रिय हुनु

(c) टाड़ो हुनु

(d) निदाउनु



Downloaded From www.icseboard.org

(iii) सठीक विपरीतार्थक शब्द छानेर लेख :—

अमत—

(a) विमत

(b) विष

(c) बीस

(d) विकत

(iv) सठीक शब्द छानेर उखानलाई पुरा गर :—

आकाशमा थुके आफ्नै मुखमा ..............

(a) पानी

(b) छिटा

(c) चिसो

(d) थूक

(v) तलको वाक्यमा ठीक शब्द छानेर लेख :—

हिजं मैले एउटा उपन्यास ..........

(a) पढ्यौँ

(b) पढ्यो

(c) पढ्छु

(d) पढें

(vi) तलका शब्दको पर्यायवाची शब्द छानेर लेख :—

माता

(a) सिन्धु

(b) कुल

(c) जननी

(d) कुलीन

Downloaded From www.icseboard.org

(vii) गाईको बच्चालाई के भन्छ ? तलबाट सठीक उत्तर छानेर लेख :—

(a) छाउरा–छाउरी

(b) बाछो–बाछी

(c) पाड़ो–पाड़ी

(d) बुचो–बुची

(viii) नेपाली महिनाको अन्तिम महिना कुन हो ?

(a) चैत

(b) वैशाख

(c) भदौ

(d) माघ

**SECTION—B (40 Marks)**

*Questions from only* ***two*** *of the following textbooks are to be answered.*

*Attempt* ***four*** *questions from this Section.*

*You must answer at least* ***one*** *question from each of the* ***two*** *books you have studied and any* ***two*** *other questions from the same books that you have chosen.*

## साहित्य कु ज : गद्य खण्ड

## SAHITYA KUNJ : GADYA KHAND

**Question 5**

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित गद्यांश पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

वीरेन्द्रको मुटुको गति बढ्यो – अब यो बौलाहले के गर्न आँट्यो। तिनले एक चोटि लामो सास फेरेर भने – "ज्यू – ज्यू यो त गजबको औषधि रहेछ – होसियारसित ब्यागमै राखिदिनोस्।"

**मत्युकै मुखे जी : परशुराम रोका**

**Mrityukai Mukhenji : Parshuram Roka**

(i) उक्त अवतरणमा वीरेन्द्र के कारणले अबेरसम्म अफिसमा बसेका थिए ? [2]

(ii) युवकले ब्यागबाट निकालेको गाड़ा हरियो रंगको औषधिको नाम के थियो ? [2]

(iii) अफिसमा आउने युवक के कारण त्यहाँ आएका रहेछन् ? [3]

(iv) उक्त कथाको अन्त कसरी भएको छ ? [3]

Downloaded From www.icseboard.org

## Question 6

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित गद्यांश पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

त्यस स्वास्नीमानिसले सहज साथ भनी, "पोइलाई अघि लगाइहालें, सासू ससुराहरु छन् बजारमा। ससुरा त माया गर्छन् तर सासू छ बित्यासकी, मलाई फुटेको आँखाले हेर्दिन र छुट्टिएर आएकी।''

यी शेष वाक्यले त्यसको कचमचिएको आशा झन रमरमिएर उठ्यो। त्यसले विचार गऱ्यो, विधुवी भएर के, आखिर तरुनी नै छे, फेरि विधुवी हुनाले मलाई मायै गर्ली।

**माछाको मोल : शिवकुमार राई**

**Machhako Mol : Shivkumar Rai**

(i) प्रस्तुत अवतरणमा कुन स्वास्नीमानिसको कुरा गरिएको हो ? [2]

(ii) त्यस स्वास्नीमानिसकी सासू कस्ती रहिछ ? [2]

(iii) त्यस स्वास्नीमानिस किन कोसित छुट्टिएर आएकी रहिछ ? [3]

(iv) आफ्नो कचमचिएको आशा झन रमरमिएर उठेपछि कसले के विचार गऱ्यो ? [3]

## Question 7

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित गद्यांश पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

आफ्नो गाड़ीको भार कसैलाई सुम्पेर सर्दार हुने मनसुबा गरे। भाग्यले आज त्यो अवसर प्राप्त भयो। त्यसरी मनमा कुरा खेलाइरहेको बेलामा खड़्का बूढ़ाले मन पराए-मान्छे पनि उसै बलियो, देख्नमा पनि राम्रो। सिकाए-सधाए मान्छे चनाखो र काम दिने होला भन्ने बूढ़ाको विचार भयो। बूढ़ाले कुरा चलाए, साथीहरूले पनि सल्लाह दिए—साइँलो नराम्रो मन गरी ती साथीहरूसँग छुट्टियो।

**गाड़ीमान : इन्द्र सुन्दास**

**Gadimaan : Indra Sundas**

(i) साइँलो को हुन् ? उनी कहाँबाट आएका हुन् ? [2]

(ii) खड्का बाजेले मनमा कस्तो कुरा खेलाइरहेका थिए ? [2]

(iii) साइँलो किन अनि कहाँबाट साथीहरूसँग छुट्टियो ? [3]

(iv) कथाकारले कुन उपन्यासको निम्ति औ कहिले साहित्य अकादमी पुरस्कार प्राप्त गरेका थिए ? [3]

Downloaded From www.icseboard.org

## साहित्य कु ज : पद्य खण्ड

## SAHITYA KUNJ : PADYA KHAND

### Question 8

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित पद्यांश पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

खोजेर ल्यायो वनको बूटी घोटेर पिलायो,
चौंरीको दूध पिलाइकन बलियो बनायो।
हिमालको बूटी विचित्र थियो जादूको दियो काम,
त्यो भोटे दैव नभए कठै। जान्थे ती परमधाम।

**मदन भोटबाट फर्कंदा : लक्ष्मीप्रसाद देवकोटा**

**Madan Bhotbata Pharkada : Laxmi Prasad Devkota**

(i) हिमालको बूटी कस्तो थियो ? [2]

(ii) त्यो भोटेलाई किन 'दैव' भनिएको हो ? [2]

(iii) चौंरीको दूध पिलाएर कसले कसलाई बलियो बनायो ? [3]

(iv) परमधाम भनेको के हो ? कविले को किन परमधाम जान्थे भनेका हुन् ? [3]

### Question 9

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित पद्यांश पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

भनिन्छ — यो बोलीले नै
यो संसारलाई वशमा गर्न सक्छ
कसैको जिन्दगीमा प्रेरणा बन्न सक्छ।
फेरि कसैको लागि सान्त्वना हुन सक्छ।
यो बोलीबाट नै
मान्छेको हृदय बुझ्न सकिन्छ
मान्छेको अनुहार चिन्न सकिन्छ।

**बोली : टेकध्वज जिम्बा**

**Bolee : Tekdhoj Zimba**

(i) कस्तो बोलीले संसारलाई वशमा गर्न सकिन्छ ? [2]

(ii) कवि टेकध्वज जिम्बाका कुनै दुईवटा पुस्तकका नाम लेख। [2]

(iii) बोलीद्वारा कस्तो मानिसलाई प्रेरणा दिन सकिन्छ ? [3]

(iv) मान्छेको अनुहार चिन्नु भन्नाले के बुझिन्छ ? [3]



Downloaded From www.icseboard.org

**Question 10**

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित पद्यांश पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

हली भई यदि मुसा खेदे
कसरी मेलो सर्छ ?
एक चित्तले गोरू जोते
तब पो मेलो सर्छ।

**लक्ष्य : कवि पारसमणि प्रधान**

**Lakshya : Kavi Parasmani Pradhan**

(i) कविका दुईवटा कृतिहरूको नाम लेख। [2]

(ii) मान्छेले लक्ष्यमा पुग्नलाई के गर्नुपर्दो रहेछ ? [2]

(iii) हली भनेको के हो ? हलीले के गर्नुपर्दो रहेछ ? [3]

(iv) प्रस्तुत कविताको कुनै पनि दुई लहर कविता लेख। [3]

**भ्रमर : रूपनारायण सिन्हा**

**BHRAMMER : RUPNARAYAN SINHA**

**Question 11**

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित उदाहरण पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

घरमा पुगेर तुलसी बाजेको उचित सत्कार गरेपछि मोहनले सोध्यो, "कविवर! हालमा गर्नुहुन्छ के नि ?'' तुलसीले उत्तर दिए,'' नसोध्नोस् मोहनजी, के भनौं अब। दार्जीलिंगका नेपालीहरुको दुर्दशा के बताऊँ। हामी कि ता भारीबोकुवा कि अफिसमा तल्लो दर्जाका कलम कोर्ने ता छौं नि। बड़ो मुश्किलले जज बजारका कुनामा एउटा सानो दाल चामलको पसल खोलिरहेछु। अच्छा, यो कुरा परै रहुन्। अहिले तपाईं कहाँबाट फिर्नुभएको ? शेखरको घरबाट ?''

**बीणाको विस्मय**

**Binako Wismaya**

(i) माथि चर्चित तुलसी बाजे को हो ? [2]

(ii) मोहनले तुलसी बाजेलाई किन कविवर भनेको हो ? [2]

(iii) प्रस्तुत वार्तालाप कहाँ, कस कसको माझमा भएको हो ? [3]

(iv) यस भेटघाटमा तुलसी बाजेले मोहनलाई कसको कस्तो चरित्रको विषयमा सुनाए ? [3]

Downloaded From www.icseboard.org

**Question 12**

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित उद्धरण पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

बिमारीको त्यो अवस्थामा विजया र गिरीलाई अन्यत्र सार्न असम्भव थियो। शेखरले विजयालाई आफ्नो इज्जत र धर्म बचाउनको निम्ति गिरीलाई छोड़ेर अन्यत्र कतै गई बस्ने सल्लाह दियो तर विजयाले भनी, "हजुर, मेरो धर्म औ इज्जत यिनै हुन्। पतिलाई यस्तो अवस्थामा त्यागेर मैले कहाँ जाने ?"

**विजया**

**Vijaya**

(i) प्रस्तुत अवतरणमा चर्चित विजया को हुन् ? अनि उसको पतिलाई के भएको थियो ? [2]

(ii) विजया र गिरीलाई अन्यत्र सार्न किन सम्भव थिएन ? [2]

(iii) विजयाले शेखरको सल्लाहलाई किन स्वीकार गर्न राजी भएन ? [3]

(iv) विजया र इन्द्रशेखरको परिचय कसरी भयो ? [3]

**Question 13**

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित उद्धरण पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

'माया, वीणाले ठीक भनी। म अन्धो – म मूक म वधिर। आज म कसरी बताऊँ माया, मेरो मनको कुरा। बनारसदेखि मेरो मनमा तिमीले चिरन्तन बास गरेकी छयौ।'

**परिशिष्ट**

**Parisistha**

(i) 'मुक' र 'वधिर' शब्दको अर्थ लेख। [2]

(ii) उक्त उपन्यासमा अन्तमा कस–कसको बिहे भयो ? [2]

(iii) उक्त अवतरणका वक्ता को हुन ? उनले कसलाई कहाँ यी कुरा बताइरहेका छन् ? [3]

(iv) कसको चिठी पढ़ेर को, कहाँबाट कलकत्ता आएको थियो ? [3]

Downloaded From www.icseboard.org

## एकाङ्की कु ज
## EKANKI KUNJ

**Question 14**

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित उदाहरण पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

**आले** : हँ ? .... हँ .... अरे छोरी, गोसवालालाई त भैंसीले मासु नै दिएन रहेछ नि हौ छोरी! हिजो उसले भैंसी ल्याएर बाँधेको थियो अरे अन्त भैंसीको पाला राति नै फुस्केर भागेछ। अन्त भैंसी चैं नि छोरी, आज जिउँदै कता गाउँतिर पो घुम्दै छ ओ हौ छोरी ...... ! ... मासु ल्याइनँ त, अन्त मासु ल्याउने पैसा पनि त पुगेन नि।

**गमसे** : आ ... बिच्चाको रेला नगर न पापा ! आज खर्छ पनि पाको। फेरि दशैंको पेश्गी पनि, बनस पनि त पायौ होला, अन्त कसरी पैसा पुगेन ?

**म भात खान्नँ : रामलाल अधिकारी**

**Ma Bhat Khanna : Ramlal Adhikari**

(i) कसले केको खर्च पाएको रहेछ ? यहाँ खर्च भन्नाले के बुझिन्छ ? [2]

(ii) गमसेको बाबु कहाँ काम गर्छ ? [2]

(iii) गमसेले कसलाई केको निम्ति किन "कसरी पैसा पुगेन" भनेर सोधेकी हो ? [3]

(iv) रेला गर्नु भन्नाले के बुझिन्छ ? कसले कोसित कस्तो रेला गरेको थियो ? [3]

**Question 15**

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित उद्धरण पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

गुरूङ बाजे.....अँ, हेर नानी हो.......तिमीहरू पनि अब सानो छैन......म पनि आज हो कि भोलि हो जस्तो छ—तिमीहरूको पनि अंश-बण्डा गरिदिन्छु। यो कटुवाल केटा पनि अब आफ्नै छोरो हो-यो नभएको भए मलाई यत्रो जेथा जोड्न गाह्रो पर्ने थियो-तिमीहरू सुकिलो कुकिलो भएर शहर घुम्दा हिलै र फिलै भएर, खेत हिल्याउने, आलि लाउने, गोरू साउने र बाउसे लाउने यही थियो। उसको भाग राखिदिनु पर्छ।

**साहिनु : सानुभाइ शर्मा**

**Sahinu : Sanubhai Sharma**

(i) गुरूङ बाजेले कटुवाललाई किन आफ्नै छोरो हो भनेको हो ? [2]

(ii) उनी किन आफ्ना धन-सम्पति अंशवण्डा गरिदिन चाहन्छन् ? [2]

(iii) "तिमीहरू" भनेर कसलाई सम्बोधन गरिएको हो ? बाजेले किन कटुवालको निम्ति अंशवण्डाको भाग राखिदिन चाहेको हो ? [3]

(iv) नाटककार सानुभाइ शर्माका कुनै तीनवटा एकाङ्कीको नाम लेख। [3]

Downloaded From www.icseboard.org

**Question 16**

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित उद्धरण पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

जेठा बड़ाई : त्यसको मैले पनि जानेको छु। म पनि कोही बेला काम लाग्छु। कुनै दिन लू लू बड़ाई दाजू यो अलिकता ताक ठोकिदेऊन मात्रै भनोस् त, मारतोलले त्यसको मुखैमा ठोकिन रैछु भने त के र। गुदाम भरि चामल कुहाएर, दाम बढ़ाउनु पल्केकोहरू। चामल खाने र चामल उमार्नेको बिचमा बसेर लुट्ने यिनीहरू नै हो।

**टीका : मोहन-पुकार**

**Tika : Mohan-Pukar**

(i) प्रस्तुत सम्वाद कस-कसको माझमा भएको हो ? [2]

(ii) जेठा बड़ाईले बिर्खुलाई कहाँ, किन पठाएको थियो ? [2]

(iii) जेठा बड़ाईले किन, कोसित बदला लिने कुरा व्यक्त गरेको हो ? [3]

(iv) प्रस्तुत अवतरणमा कसले के गरेर केको दाम बढ़ाउँछ भन्ने कुरा व्यक्त गरिएको छ ? [3]

Downloaded From www.icseboard.org